## विशेष इजलास

१

**स.का.मु प्र.न्या. श्री दामोदरप्रसाद शर्मा, मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** रिट नं. ०६७-ws-००६३, उत्प्रेषण परमादेश, *प्रा. डा.कृष्णप्रसाद भट्टराई वि. त्रिभुवन विश्वविद्यालय उपकुलपतिको कार्यालयसमेत*

संविधानवादको आधारभूत सिद्धान्तलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १(१) ले अङ्गीकार गरेको छ । संविधान र कानून बाझिएका हुन् वा होइनन् त्यसको परीक्षण गर्ने जिम्मेवारी धारा १०७(१) ले सर्वोच्च अदालतलाई सुम्पेको छ । धारा १०७(१) अनुसार कुनै पनि कानूनको संवैधानिकताको परीक्षण गर्ने सिद्धान्तको सीमाभन्दा बाहिर यो अदालत जान सक्दैन । संविधानअनुकूल वा प्रतिकूल जाँचिने विषयवस्तु कुनै कानून नै हुनुपर्ने ।

संसद वा सम्बद्ध निकायबाट निर्मित भई जारी ऐन वा सो ऐनले दिएको अख्तियारी प्रयोग गरी तोकिदिएको निकायद्वारा कुनै निकायको स्वीकृति लिनुपर्ने भए सोसमेत लिई जारी नियम विनियममात्र हुन् । विधायन तथा प्रत्यायोजित विधायनबाहेकका अन्य प्रबन्ध वा व्यवस्थापन लिखतको नियम वा विनियम वा निर्देशिका वा आचारसंहिता वा आदेशसमेत जे सुकै दिइएको भए पनि ती नेपाल कानूनको परिधिभित्र नपर्ने हुँदा संविधानको धारा १०७(१) को अधिकार क्षेत्रको विषय बन्न नसक्ने ।

निवेदकले चुनौती दिएको पशुपति बहुमुखी क्याम्पस शिक्षक कर्मचारी सेवासम्बन्धी विनियम, (प्रथम संशोधन) २०६३ संविधान वा ऐन, वा नियमावलीको अख्तयारीअन्तर्गत बनेको नदेखिनुका साथै नेपाल कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा २(ङ) को नेपाल कानूनको परिभाषाअनुसार कानून भन्न सकिने अवस्था नदेखिने ।

पशुपति बहुमुखी क्याम्पस शिक्षक तथा कर्मचारीहरूका बीचको सम्झौताको शर्तअनुरूपको करारीय हकसरहको हैसियत राख्ने लिखतको रूपमा लिनुपर्ने हुन्छ । त्यस्तो विनियमावलीलाई कानूनको संज्ञा दिन मिल्ने नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः प्रेमप्रसाद न्यौपाने

कम्प्युटरः गीता घिमिरे

इति संवत् २०७० साल पुस २५ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६९-WO-०९७१, उत्प्रेषण परमादेश, *अधिवक्ता दीपविक्रम मिश्रसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् सचिवालयसमेत*

बालाजु चोकदेखि बाइपाससम्मको बाटो विस्तार गर्ने कार्यलाई सडक विस्तारको स्वाभाविक प्रक्रिया मात्र सकिए पनि सो उद्यान र यसभित्र रहेका बाईसधारा, वनजङ्गल, पोखरी, मन्दिर, खुल्ला चौर र पार्क जस्ता संरचनालाई विनास गर्दा सो क्षेत्रको स्वरूप एवं पर्यावरणमा समेत प्रतिकूल असर पर्न जान्छ । काठमाडौं उपत्यकाको धरोहरको रूपमा रहेको बालाजु बाईसधारा उद्यान क्षेत्र अतिक्रमण हुने गरी सुकुम्बासी वस्ती बसाउने, सो क्षेत्रमा आवास भवन निर्माण गरी लिजमा दिनेलगायतको कार्यबाट सो क्षेत्रको धार्मिक, साँस्कृतिक, पुरातात्त्विक एवं पर्यावरणीय अस्तित्वसमेत समाप्त हुने अवस्था देखिन आउने ।

ऐतिहासिक, प्राचीन, धार्मिक, साँस्कृतिक पुरातात्त्विक एवं पर्यावरणीय दृष्टिकोणलेसमेत महत्त्वपूर्ण रहेको बालाजु बाईसधारा उद्यान क्षेत्रलाई प्रभाव पार्ने गरी बाटो विस्तार एवं भौतिक संरचना निर्माण गर्ने गरी विपक्षीबाट भए गरेको कामकारवाही उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । बालाजु चोकदेखि बाइपाससम्मको बाटो विस्तार गर्ने स्वाभाविक प्रक्रिया बाहेक बालाजु बाईसधारा उद्यान क्षेत्रलाई असर पुग्ने गरी बीचबाट वा कुनै क्षेत्रबाट बाटो विस्तार गर्दा वा भौतिक संरचना निर्माण गर्दा वातावरणीय प्रभाव मूल्याङ्कनसम्बन्धी प्रस्ताव

सम्बन्धित निकायबाट स्वीकृत नगराई सोसम्बन्धी कुनै पनि कार्य नगर्नु, नगराउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने ।
इजलास अधिकृतः हरि कोइराला
कम्प्युटरः रानु पौडेल
इति संवत् २०७० साल माघ २१ गते रोज ३ शुभम् ।

२

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६७-CI-१३५४, उत्प्रेषण परमादेश, *नुवाकोट जिल्ला अदालत वि. हितबहादुर प्याकुरेल*

निवेदक हितबहादुर प्याकुरेलले सर्वप्रथम आफ्नो जग्गा बीसौं वर्षदेखि बिनाकारण अदालतको आदेशले रोक्का रहेकाले फुकुवा गरिपाऊँ भनी मिति २०६५।३।५ मा नुवाकोट जिल्ला अदालतमा निवेदन दिएको अवस्था देखिन्छ । यस अवस्थामा सो अदालतले निवेदकको जग्गा के कति कारणले रोक्का रहन गएको हो भन्ने कुराको आफ्नो अभिलेख हेरी कुनै मुद्दा मामिलाका सन्दर्भमा रोक्का रहन गएको भए सोहीबमोजिमको जानकारी निवेदकलाई गराउनु कानूनी कर्तव्यको परिपालन हो । उल्टो आफूले किन रोक्का राखेको हो थाहा छैन तर, रोक्का भने रहिरहनुपर्दछ भन्ने मान्यता अदालत जस्तो निकायले राख्नु र पुनरावेदन अदालतले सो फुकुवा गर्न परमादेश जारी गरेको अवस्थामा पनि सोउपर निवेदक/प्रत्यर्थीको जग्गा रोक्का राख्नुपर्नाका कारण केही उल्लेख नगरी यस अदालतमा पुनरावेदन गर्नुबाट नुवाकोट जिल्ला अदालत आफ्नो कानूनबमोजिमको कर्तव्य पूरा नगरी कर्तव्यबाट बिमुख भएको देखिँदा कुनै आधार र कारण नभई निवेदकको जग्गा रोक्का रहेकाले कुनै पनि कानूनी कारवाहीको सिलसिलामा निवेदकको उक्त जग्गा रोक्का नराखिएको भए सो जग्गा फुकुवा गरिदिनु भनी परमादेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६७।७।१० को आदेश मिलेको देखिँदा सदर हुने ।
इजलास अधिकृतः विश्वनाथ भट्टराई
कम्प्युटरः विकेश गुरागाईं
इति संवत् २०७० साल कात्तिक १० गते रोज १ शुभम् ।

३

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** ०७०-CI-०१७५, उत्प्रेषण परमादेश, *तुल्सीराम वैद्यसमेत वि. तुल्सीराम हन्जुसुवालसमेत*

निवेदकको ५ फीट जग्गा विपक्षीको घरको नक्सा पास गर्ने क्रममा मिचेको भन्ने विवादको विषय भएको हुनाले तत् विषयको निरोपण सबूद प्रमाण बुझी रिट क्षेत्रबाट हुन सक्तैन । तसर्थ, निवेदकले साधारण अधिकारक्षेत्रअन्तर्गत शुरू अदालतमा उपचारको लागि जानसक्ने अवस्था रहे भएकोले रिट निवेदन खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदन जिकीर पुग्न नसक्ने ।
इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०७० साल माघ ६ गते रोज २ शुभम् ।

- यसै लगाउको ०७०-CR-०२०१, अदालतको अपहेलना, *कृष्णप्रसाद वैद्य वि. तुल्सीराम हन्जुसुवालसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

४

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** ०६८-CI-०६५०, ०३७२, हदबन्दी कायम, *भूमिसुधार कार्यालय, ललितपुर वि. गोपाल शम्शेर ज.ब.रा.समेत, गोपाल शम्शेर ज.ब.रा.समेत वि. भूमिसुधार कार्यालय, ललितपुर*

निवेदकले प्रस्तुत मुद्दामा दावी गरेको मिति २०३०।१।२२ को हदबन्दीसम्बन्धी निर्णय भूमिसुधार कार्यालय, ललितपुरबाट भएको देखिन आउँछ । उक्त निर्णयबाट असर पर्ने पक्षले अ.बं. ८६ नं. को उक्त कानूनी व्यवस्थाबमोजिम सोही पहिले निर्णय गर्ने कार्यालयमा नालिस दिनसक्ने हुन्छ । सोहीबमोजिम भूमिसुधार कार्यालयले पनि पहिलेको निर्णय बदर गरिपाऊँ भनी उजूर परेको अवस्थामा उक्त कानूनी व्याख्याअनुसार आवश्यक र उपयुक्त कारवाही गर्न नसक्ने भन्न नमिल्ने ।

निवेदकहरूले भूमिसुधार कार्यालयमा दिएको निवेदनबमोजिम परिवार संख्या कायम हुने नहुने के हो सो यकीन गरी हदबन्दी फुकुवा हुने नहुने सम्बन्धमा सबूद प्रमाणको मूल्याङ्कन र विवेचना गरी निर्णय गर्नुपर्नेमा निवेदन तामेलीमा राखिदिने ठहर्‍याएको भूमिसुधार कार्यालयको निर्णय त्रुटिपूर्ण देखिएको भनी पुनरावेदन अदालत, पाटनले भूमिसुधार कार्यालय, ललितपुरको मिति २०६६।१२।१८ को आदेश पर्चा बदर गरी अब जो जे बुझ्नुपर्छ बुझी परिवार संख्या एवं जग्गाको हदबन्दीतर्फ पुनरावेदकहरूले दिएको निवेदन दावीबमोजिम हुने नहुने सम्बन्धमा पुनः निर्णय गर्नु भनी मिसिल भूमिसुधार कार्यालयमा पठाई दिने ठहर्‍याएको फैसला मनासिब देखिने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल मङ्सिर २४ गते रोज २ शुभम् ।

- यसै लगाउको ०६७-WO-०५३४, उत्प्रेषण परमादेश, *गोपाल शम्शेर ज.ब.रा.समेत वि. भूमिसुधार कार्यालय, ललितपुरसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

५

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** ०६६-WO-०३४८, उत्प्रेषण परमादेश, *बाबुराम श्रेष्ठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदक बाबुराम श्रेष्ठलाई स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक पदमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६४।२।२७ को निर्णयले बढीमा पाँच वर्षको अवधि तोकी नियुक्ति गरिएकोमा हाल निजको पदावधि नै व्यतीत भई प्रस्तुत रिट निवेदनको औचित्यसमेत नरहेको अवस्थामा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिन आएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल फागुन ५ गते रोज २ शुभम् ।

- यसै लगाउको ०६६-MS-०००८, अदालतको अपहेलना, *बाबुराम श्रेष्ठ वि. स्थानीय विकास मन्त्रालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

६

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** ०६९-WO-०५३९, उत्प्रेषण परमादेश, *पूजा जोशी वि. परराष्ट्र मन्त्रालयसमेत*

परराष्ट्र मन्त्रालयले निजामती सेवा ऐन, २०४९ को दफा १८(४)(घ) बमोजिम सरूवा सहमति माग गरेकोमा सामान्य प्रशासन मन्त्रालयबाट निजामती सेवा ऐन, २०४९ को दफा १८(४)(च) बमोजिम सरूवा गर्ने सहमति प्रदान गरेबाट यी निवेदिका पूजा जोशीलाई सरूवा सहमति लिई ब्रसेल्सस्थित नेपाली राजदूतावासबाट परराष्ट्र मन्त्रालयको ना.सु. पदमा सरूवा गरेकोमा विवाद नदेखिने ।

निवेदिकाको हकमा सामान्य अवस्थामा सरूवाको सहमति माग गरेको नभै विशेष परिस्थिति परी सरूवा गर्नुपर्ने बाध्यता अख्तियारवालालाई परेको देखिनाले निवेदकलाई सरूवापत्रमा तोकिएको अवधिअगावै सरूवा गरेको निर्णय कानूनविपरीत भन्न मिलेन । यसरी कानूनले तोकेको प्रक्रिया पुर्‍याई कानूनबमोजिम अधिकारप्राप्त अधिकारीले गरेको सरूवा निर्णयलाई अन्यथा अर्थ गर्न नमिल्ने हुँदा निवेदिका पूजा जोशीलाई ब्रसेल्सस्थित नेपाली राजदूतावासबाट परराष्ट्र मन्त्रालयको रिक्त ना.सु. पदमा सरूवा गर्ने गरी मिति २०६९।८।१ मा भएको निर्णय त्रुटिपूर्ण देखिन आएन । यस अदालतबाट मिति २०६९।८।११ मा भएको अन्तरिम आदेशसमेत निष्क्रिय भई रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल भदौ १८ गते रोज ३ शुभम् ।

७

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** ०६६-CI-०७६९, लेनदेन, *शङ्कर सिंह धामी वि. महेशकुमार वर्मा*

कृषि विकास बैंकबाट वादी महेशकुमार

वर्माको नाउँमा जारी चल्ती हिसाब चेक बुकको चेक नं. ***C/G*** ३५०७२८ नं. को चेकको अर्धकट्टीको पछाडिपट्टी "यस चेकमा उल्लिखित रकम रू. ४,००,०००।— मात्र म शङ्कर सिंह धामीले एक हप्ताभित्र ब्याजसहित फिर्ता बुझाउने गरी बुझी लिई सहीछाप गरिदियाँ" भनी शङ्कर सिंह धामीले सही गरी सो सहीमुनि ८।२७ लेखेको देखिन्छ । वादीले दावी गरेको ३५०६२८ नं. को चेक बैंकबाट सटही गरी रकम प्रतिवादीले बुझी नलिएको भन्ने कुरा कृषि विकास बैंकले पत्र एवं चेक सटहीको लागि प्रतिवादीले वादीलाई दिने भनेको चेक अर्धकट्टीसँगै प्रमाणस्वरूप पेश भएबाट प्रतिवादीले बैंकबाट रकम झिकेको वा लिएको भन्ने तथ्य स्थापित हुन नआउने ।

वादीले दावी गरेको उल्लिखित ३५०६२८ नं. को चेक सटही गरी प्रतिवादीले रकम लिएको अवस्था नभएको र सो चेक नं. बाहेक चेक नं. ३५०६२७ बाट २०५८।८।२७ मा रू. ४,००,०००।— र चेक नं. ३५०६२९ बाट २०५८।८।२९ मा रू. ४,००,०००।— वादी आफैंले बुझेको भन्ने कृषि विकास बैंकको पत्रबाट देखिन्छ । यसरी दावी गरिएको चेक नै प्रतिवादीले चेक सटही गरी रकम लिएको नदेखिएको, अ.बं. ७८ नं. बमोजिम बुझिएका व्यक्ति बुद्धन यादवले चेकको अर्धकट्टीका पछाडि लेखिएको व्यहोरा आफूले लेखी दिएकोसम्म हो, उक्त चेक वादीले प्रतिवादीलाई दिए नदिएको कुरा थाहा नभएको भनी व्यक्त गरेको र सो दावीको चेक नै सटही भएको नदेखिएबाट दावीको रकम प्रतिवादीले बैंकबाट झिकी लिएको भन्ने नदेखिँदा वादी दावीबमोजिम रू. ४,००,०००।— र मिति २०५८।८।२७ देखिको कानूनबमोजिमको ब्याजसमेत प्रतिवादीबाट भराई पाउने गरी शुरू कञ्चनपुर जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, महेन्द्रनगरबाट भएको मिति २०६४।५।१९ को फैसला मिलेको नदेखिँदा उल्टी भै वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः हरि कोइराला
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०७० साल पुस २५ गते रोज ५ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएको छ ।

- ०६६-WO-१०५६, उत्प्रेषण परमादेश, *महेशकुमार वर्मा वि. कञ्चनपुर जिल्ला अदालत, महेन्द्रनगरसमेत*
- ०६६-WO-१०५७, उत्प्रेषण परमादेश, *शोभा रोकाया वि. कञ्चनपुर जिल्ला अदालत, महेन्द्रनगरसमेत*

८

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** ०६६-WO-००७५, उत्प्रेषण, *हिराकाजी डंगोल वि. मालपोत कार्यलिय चाबहिल, काठमाडौंसमेत*

संगीता निरौलाले जग्गा हाल साविक गरिपाऊँ भनी दिएको निवेदनमा साविक कि.नं.७१ को ०-६-१-० जग्गा भिडी हाल कायम कि.नं. ७० को ०-४-२-० जग्गा र कि.नं. ३०६ को ०-१-३-० जग्गासमेत लक्ष्मी श्रेष्ठ र संगीता निरौलासमेतका नाउँमा हाल साविक गर्ने गरी मालपोत कार्यालय चाबहिल, काठमाडौंबाट भएको मिति २०६५।४।२१ को निर्णयउपर यी निवेदक उल्लिखित कानूनी व्यवस्थाअनुसार पुनरावेदन अदालतमा कानूनी उपचारको लागि जानुपर्नेमा यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत रिट निवेदन लिई प्रवेश गरेको देखिएको अवस्थामा निवेदन मागबमोजिमको आदेश जारी गर्दा प्रचलित कानूनी व्यवस्था प्रभावहीन हुनजाने हुँदा रिट क्षेत्रबाट हस्तक्षेप गर्न नमिल्ने ।

निवेदकलाई कानूनमा व्यवस्था भएबमोजिम वैकल्पिक उपचार प्राप्त हुँदाहुँदै यस अदालतमा दिएको प्रस्तुत रिट निवेदनको रोहमा सबूद प्रमाण बुझी जग्गा घटी वा बढी भएको भनी बोल्न मिल्ने नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिल्ने अवस्था देखिन आएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरि कोइराला
कम्प्युटरः विकेश गुरागाई
इति संवत् २०७० साल फागुन ५ गते रोज २ शुभम् ।

९

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** ०६६-WO-०४६२, उत्प्रेषण

परमादेश, *डिलबहादुर दमाई वि. सशस्त्र प्रहरी बल ज्वालामाई गण राप्ती, भालुवाङसमेत*

निवेदक डिलबहादुर दमाईको कारणबाट शान्ता चौधरीले विष सेवन गरी आत्महत्या गरेको देखिएको र यी निवेदक प्रहरी कर्मचारी भएकोले आफ्नो आचरणविपरीत अनुशासनहीन कार्य गरी आफ्नो पेशागत मर्यादासहितको उल्लङ्घन गरी प्रहरी सगठनको छविमा नै आँच पुर्‍याउने कार्य गरेको भन्ने कुरा निजले नै छानबिन समितिसमक्ष निजउपर लगाइएको आरोप स्वीकार गरी एकपटक क्षमा पाऊँ भनी गरेकोबाट समेत पुष्टि हुँदा निजलाई विभागीय कारवाहीको क्रममा सशस्त्र प्रहरी हवल्दार पदबाट एक तह घटुवा गर्ने गरी सशस्त्र प्रहरी बल ज्वालामाई गण, दाङका सशस्त्र प्रहरी उपरीक्षकबाट भएको मिति २०६६।४।१९ को निर्णयलाई सदर गर्ने गरी सशस्त्र प्रहरी नायब महानिरीक्षकबाट भएको मिति २०६६।७।२६ को निर्णय कानूनअनुरूपको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल फागुन ५ गते रोज २ शुभम् ।

१०

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** ०६८-CI-०४९३, ०४९४, अंश चलन, *प्रद्युम्न रिजाल वि. सीमा रिजालसमेत, प्रल्हादकुमार रिजालसमेत वि. सीमा रिजाल*

बण्डापत्रमा अबण्डारूपमा राखिएको मुख्य अंशियारका नाममा रहेको बण्डा लाग्ने प्रकृतिको सम्पत्तिमा सबै अंशियारहरूको अंश हक कायम हुने र अंशियारहरूबीच बण्डा लाग्ने हुन्छ । बण्डापत्र भइसकेको भनी अबण्डा सम्पत्तिबाट अन्य अंशियारहरूलाई अंश दिनुपर्ने होइन भन्ने मूल अंशियारको भनाई कानूनसङ्गत् नहुने ।

वादीहरूका पति तथा पिता प्रद्युम्न रिजालले आफ्नो पिता प्रल्हादकुमार रिजालको नाममा रहेको, तर बण्डापत्रमा बण्डा नगरी अबण्डा अवस्थामा नै रहेको कि.नं. ३०३७ र कि. नं. ४०६ को जग्गा तथा घरबाट अंश प्राप्त गरेको नदेखिँदा यी वादीहरूले आफ्नो पति तथा पिताको कि.नं. ३०३७ र कि.नं. ४०६ को जग्गा तथा घरमा कायम हुने अंश हकमध्येबाट छ भागको २ भाग अंश पाउने नै देखिने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल असार २६ गते रोज ४ शुभम् ।

११

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** ०७०-WH-००१५, बन्दीप्रत्यक्षीकरण, *चन्द्रबहादुर सारु वि. कारागार कार्यालय, कुस्मा पर्वतसमेत*

निवेदक सुजन थापा मौकामा डाँका मुद्दामा पक्राउ परी थुनामा नै रहेको र मुद्दाको कारवाहीको क्रममा सुजन थापा नाम गरेको व्यक्ति आफू नभएको भनी कुनै प्रतिवाद एवं जिकीरसमेत नलिएको र पुनरावेदन अदालत, इलामबाट भएको फैसलाउपर यी सुमन थापाले पुनरावेदनसमेत नगरी चित्त बुझाई बसेको अवस्थामा हाल आएर मेरो छोराको नाउँ डम्बर सारु भएकोले उनाउ व्यक्तिले गरेको कसूरमा गैरकानूनी थुनामा रहेको भनी सुमन थापाको तर्फबाट निजको हकमा एकाघरको बाबु चन्द्रबहादुर सारुले दिएको निवेदन जिकीर युक्तिसङ्गत् नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिल्ने अवस्था देखिन आएन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल फागुन ६ गते रोज ३ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** ०७०-WO-०४९७, उत्प्रेषण परमादेश, *मोहम्मद मुस्तफा वि. लोकसेवा आयोग, केन्द्रीय कार्यालय*

निवेदकले विज्ञापन नं. ३०१४/०७०-७१ प्रशासन सेवा, लेखा समूह, राजपत्राङ्कित तृतीय श्रेणी, लेखा अधिकृत पदको मधेशी वर्गतर्फको

सम्पूर्ण विज्ञापन बदर गरिपाउन माग गरेको छ । तर सो विज्ञापनबमोजिमको प्रथम चरणको परीक्षा मिति २०७०।१०।२५ मा हुने भन्ने निवेदनसाथ पेश भएको लोक सेवा आयोगबाट प्रकाशित बुलेटिनको फोटोकपीबाट देखिएकोले सो विज्ञापन नै बदर गर्दा लोक सेवा आयोगको वार्षिक परीक्षा कार्यक्रम र सम्पन्न भइसकेको परीक्षामा समेत असर पर्नसक्ने हुँदा सो विज्ञापन नं. ३०१४/०७०-७१ प्रशासन सेवा, लेखा समूह राजपत्राङ्कित तृतीय श्रेणी, लेखा अधिकृत पदको समावेशी समूहतर्फको मधेशी वर्गको विज्ञापनमा अघिल्लो वर्ष प्रकाशित विज्ञापन नं. ३०५४/०६९-७० को विज्ञापनबाट पूर्ति हुन नसकी बाँकी रहेको मधेशी वर्गको ३ पद समावेश नगरेको हदसम्मको विपक्षी लोक सेवा आयोगबाट भएका विज्ञापनलगायतका अन्य कामकारवाहीसम्म बदर गरिदिएको छ । अब, नेपाल प्रशासन सेवा, लेखा समूह, राजपत्राङ्कित तृतीय श्रेणीको लेखा अधिकृत पदको खुल्ला तथा समावेशीसमेतको प्रथम चरणको परीक्षा मिति २०७०।११।२५ मा हुने भन्ने लोक सेवा आयोगको मिति २०७०।८।२६ को सूचनाबाट देखिएकोले सो प्रथम चरणको परीक्षा सम्पन्न भइसकेको भए विज्ञापन नं. ३०५४/०६९-७० को विज्ञापनद्वारा माग गरिएको ६ पदमध्ये ३ पदमात्र पूर्ति भई पूर्ति हुन नसकी बाँकी रहेका ३ पदसमेत उक्त विज्ञापन नं. ३०१४/०७०-७१ मा थप गरी प्रशासन सेवा, लेखा समूह, राजपत्राङ्कित तृतीय श्रेणीको मधेशी समूहतर्फको पदको पुनः विज्ञापन गरी तदनुरूप पदपूर्ति गर्नु भनी विपक्षी लोक सेवा आयोगका नाममा परमादेशसमेत जारी हुने ठहर्छ । साथै अबदेखि गरिने विज्ञापनमा संविधान र कानूनबमोजिम समावेशी समूहको लागि छुट्याइएको पदमा पदपूर्ति गर्दा अघिल्लो वर्षको विज्ञापनबाट पूर्ति हुन नसकी बाँकी रहेको पदसमेत पछिल्लो वर्ष हुने विज्ञापनमा समावेश गरी विज्ञापन गर्ने र लगातार २ वर्षको विज्ञापनबाट पनि पूर्ति हुन नसके मात्र खुल्लातर्फ लगी विज्ञापन गर्नु र सो कुरा विज्ञापन गर्दाके समयमा खुलाई पारदर्शीढङ्गले विज्ञापन गर्ने व्यवस्था मिलाउनु भनी विपक्षी लोक सेवा आयोग, केन्द्रीय कार्यालयका नाउँमा निर्देशात्मक आदेशसमेत जारी हुने ।

इजलास अधिकृतः किशोर घिमिरे
कम्प्युटरः मन्जिता ढुङ्गाना
इति संवत् २०७० साल फागुन १३ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०७०-WO-१११५, उत्प्रेषण परमादेश, *रामसेवक अहिर वि. मालपोत कार्यलिय, कपिलवस्तुसमेत*

आफ्नो जग्गा नेपाल सरकारको नाममा वा अन्य कसैको नाममा दर्ता भएकोमा सो दर्ता बदर गराउन सम्बन्धित अदालतमा सबूद प्रमाणसहित साधारण अधिकारक्षेत्रअन्तर्गत फिरादपत्र दायर गर्नुपर्नेमा सो नगरी असाधारण अधिकारक्षेत्रको उपचारको मार्ग अवलम्बन गरी प्रस्तुत रिट निवेदन दायर गरेको देखिन्छ । रिट निवेदनको कारवाहीबाट विवादित विषयमा प्रमाण बुझी निर्णय गर्न मिल्नेसमेत हुँदैन । यसै जग्गाका सम्बन्धमा निवेदक कहिले पुनरावेदनको रोहबाट पुनरावेदन अदालत, बुटवलमा तथा कहिले यस अदालतमा रिट निवेदनको माध्यमबाट प्रवेश गरेको तर कानूनबमोजिम आफ्नो सबूद प्रमाणसहित दर्ता बदर गरी पाउन साधारण अधिकारक्षेत्रअन्तर्गतको अदालतमा प्रवेश गरेको नदेखिएकोले प्रस्तुत रिटको माध्यमबाट प्रमाणसमेत बुझी निवेदन माग दावीका सम्बन्धमा विचार गर्न मिल्ने नहुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दण्डपाणि लामिछाने
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०७० साल माघ २४ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.प्रा. डा. श्री भरतबहादुर कार्की,** २०६७-CR-०३४९, जबर्जस्ती करणी, *महेश पटेल कुर्मी वि. नेपाल सरकार*

अनुसन्धानको क्रममा बुझिएका व्यक्तिहरूले अदालतमा साक्षीसरह बकपत्र नगरेसम्म त्यस्तो प्रमाणलाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम ठोस र विश्वसनीय प्रमाण मान्न नमिल्ने ।

कुनै विशेषज्ञले प्रमाण ऐन, २०३१ को दफा २३(७) बमोजिम साक्षीसरह अदालतमा उपस्थित भई बकपत्र नगरेको र त्यस्तो बकपत्रलाई अर्को पक्षले जिरह गर्ने मौका नपाएकोमा त्यस्तो विशेषज्ञको रायलाई प्रमाणमा लिन उक्त कानूनी व्यवस्थाबमोजिम नमिल्ने ।

अनुसन्धान तहकीकातको क्रममा तयार भएको लिखतमा उल्लेख भएको कुरा सो कुरा व्यक्त गर्ने व्यक्तिहरू जाहेरवाला, पीडित काजलकुमारी, पीडितको शारीरिक परिक्षण गर्ने मेडिकल अधिकृत, वस्तुस्थिति मुचुल्कासमेतका व्यक्तिहरू अदालतमा साक्षीसरह उपस्थित भई बकपत्र गर्न नआएको र साक्षीसरह बकपत्र गरेको नदेखिएकाले तहकीकातका सिलसिलामा व्यक्त गरेको कथनमात्रलाई प्रतिवादीको विरूद्ध निश्चयात्मक, विवादरहित, ठोस र विश्वसनीय प्रमाणको रूपमा ग्रहण गर्न नसकिने हुँदा पर्याप्त र शङ्कारहित निर्विवाद प्रमाणको अभावमा प्रतिवादी महेश पटेल कुर्मीलाई कसूरदार ठहर्‍याएको पर्सा जिल्ला अदालतको फैसला केही उल्टी गरेको पुनरावेदन अदालत, हेटौडाको मिति २०६६।११।११ को फैसला त्रुटिपूर्ण हुँदा उल्टी हुने र आरोपित कसूरबाट प्रतिवादीले सफाइ पाउने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः मन्जिता ढुङ्गाना

इति संवत् २०७० साल पुस १ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.प्रा. डा. श्री भरतबहादुर कार्की,** २०६८-CR-०६६७, जबर्जस्ती करणी, *एमा तामाङ भन्ने मानसिंह लो वि. नेपाल सरकार*

पीडित ७ वर्षकी नाबालिकाले घटनाको तत्कालपछि घटनाका सम्बन्धमा व्यक्त गरेको कुरा र घटना भएको देख्ने वा थाहा पाउने व्यक्तिले घटनाको तत्कालपछि व्यक्त गरेको कुरा प्रमाण ऐन, २०३१ को दफा १०(१) को (क) र (ख) बमोजिम अदालतले प्रमाणमा लिनुपर्ने हुन्छ । सोबमोजिम घटनास्थलमा नै रहेको पीडितको दाजु प्रकाश भुलोनले र पीडित प्रमिला स्वयंले तथा घटनाको तत्कालपछि घटनास्थलमा पुगेका वस्तुस्थिति मुचुल्काका मानिसहरूले घटनाको तत्कालपछि घटनाको सम्बन्धमा व्यक्त गरी निजहरूले साक्षीसरह अदालतमा पनि सो कुराको बकपत्र गरी दिएको देखिएबाट जाहेरवाला, पीडित नाबालिका प्रमिला एवं मौकामा बुझिएका व्यक्तिहरूले गरेको बकपत्रले नै चिकित्सकले दिएको स्वास्थ्य परीक्षण प्रतिवेदनलाई तथा प्रतिवादीउपरको अभियोग दावीसमेतलाई समर्थन गरेको देखिन आएको हुँदा पीडितको स्वास्थ्य परीक्षण गर्ने चिकित्सक अदालतमा साक्षीसरह उपस्थित नभएका कारणले मात्र प्रतिवादीलाई निर्दोष मान्न नमिल्ने हुँदा निजलाई मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ३(१) नं. बमोजिम १०(दश) वर्ष कैद सजाय हुने र ऐ.को १० नं. बमोजिम पीडितले प्रतिवादीबाट रू. ५०,०००।— (पचास हजार) क्षतिपूर्ति भराई लिन पाउने ठहर्‍याएको ललितपुर जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६७।१०।११ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७० साल पुस १ गते रोज २ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री सुशीला कार्की,** ०६६-CI-०६९१, टिप्पणी आदेश बदर, *राविन्ती देवी वि. फुलझरिया चाईन*

मालपोत ऐन, २०३४ को दफा ७ मा भएको कानूनी व्यवस्थालाई दृष्टिगत गर्दा दर्तासम्बन्धी विशेष व्यवस्था भएको देखिन्छ । प्रस्तुत विवादमा उक्त दफामा उल्लेख भएका प्रावधानहरू आकर्षित हुने देखिएन । उक्त ऐनको दफा ८ ले मालपोत कार्यालयलाई प्रचलित कानूनबमोजिम लिखतको रजिस्ट्रेशन, नामसारी, दाखिल खारेज र लगत कट्टा गर्न पाउने गरी अधिकार प्रदान गरेको निर्णयउपर पुनरावेदन

अदालतमा पुनरावेदन लाग्नसक्ने व्यवस्था गरी पुनरावेदकीय उपचारसमेत प्रत्याभूत गरेको देखिन्छ । ऐनको दफा ३१ मा दफा ७, ८, ८(ख), २८, २९ र ३० बमोजिम मालपोत कार्यालयले गरेको निर्णयउपरमात्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गरी उक्त दफाको प्रतिबन्धात्मक वाक्यांशले तर दफा ७ बमोजिम मालपोत कार्यालयले हक बेहकसम्बन्धी प्रश्न उठाई अदालतबाट निर्णय गर्नुपर्ने गरी गरेको निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने छैन भन्ने स्पष्ट व्यवस्था गरेको देखिन्छ । मालपोत कार्यालयको निर्णयपत्रसमेतको आधारमा फिरादी पुनरावेदकले दावी गरेको शुरूले इन्साफमा प्रवेश गरेको अवस्थामा पर्न आएको पुनरावेदनउपर इन्साफको रोहमा विचार गर्नुपर्नेमा शुरू फिराद नै खारेज गर्ने गरेको मिलेन । अब जो जे बुझ्नुपर्ने बुझी कानूनबमोजिम इन्साफ गर्नु भनी उपस्थित पक्षहरूलाई पुनरावेदन अदालत, हेटौंडामा तारिख तोकी मिसिलसमेत पठाई दिने ।

शाखा अधिकृतः दीक्षा प्रधानाङ्ग

इति सवत् २०७० साल मङ्सिर १७ गते रोज २ शुभम् ।

२

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६८-CR-०९४९, कर्तव्य ज्यान, *नवीन थापामगर वि. नेपाल सरकार*

आफूले कसूर गरेको कुरासम्म स्वयं प्रतिवादीले अनुसन्धानको क्रममा र अदालतमा समेत बयान गर्दा स्वीकार गरेको देखिन्छ भने प्रतिवादीकै आमा गीता थापा र जाहेरवाला इन्द्रबहादुर थापाले अदालतमा आई बकपत्र गर्दा प्रतिवादीले प्रहार गरेको कारणबाट मृतकको मृत्यु भएको होइन भनी भन्न सकेको अवस्था छैन । यसबाट प्रतिवादीको प्रहारबाट मृतकको मृत्यु भएको कुरामा विवाद नदेखिँदा प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

प्रतिवादी मानसिक रोगको औषधि सेवनमा रहेको भन्ने जिकीर लिइरहेको भन्ने देखिएकोले अ.बं. १८८ नं. बमोजिम ५ (पाँच) वर्ष कैद सजाय गर्ने शुरू अदालतको राय सदर गरी पुनरावेदन अदालत, पाटनबाट कैद वर्ष ५(पाँच) हुने ठहर्‍याएको रायसमेत सदर हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल माघ २० गते रोज २ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६४-WO-१०३९, उत्प्रेषण परमादेश, *मिथिला कार्की वि. खिमा पराजुलीसमेत*

निवेदक र विपक्षीबीच घर भत्काई जग्गा खिचोला मेटाई चलनचलाई पाऊँ भन्ने विषयमा मोरङ जिल्ला अदालतमा मुद्दा रहेको तथ्य मिथिला कार्की फिरादी र खिमा पराजुलीसमेत प्रतिवादी भएको दे.पु.नं. ५९० मा दर्ता भै कारवाहीयुक्त अवस्थामा रहेको र प्रस्तुत रिट यस अदालतमा परेबाट उक्त मुद्दा हाल मुलतवीमा रहेको भन्ने मिसिल संलग्न फिराद, प्रतिउत्तर र मोरङ जिल्ला अदालतको मुलतवी राख्ने आदेशको मिसिल संलग्न छायाँप्रतिको व्यहोराबाट देखिँदा सो मुद्दामा निजले गरेको दावी सम्बन्धमा सोही मुद्दाबाट निराकरण हुने हुनाले सो विवादसम्बन्धमा यस अदालतको असाधारण अधिकार क्षेत्र प्रयोग गर्ने अवस्था भएन । तसर्थ निवेदन दावी खारेज हुने ।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७० साल भदौ ३० गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CR-०४३०, ०९९३, कर्तव्य ज्यान, *सुजित नेपाली वि. नेपाल सरकार, नेपाल सरकार वि.सेती विश्वकर्मासमेत*

मृतकलाई प्रतिवादी सुजितले एकपटक टाउकोमा प्रहार गर्दा मृतक भूईंमा ढलेको र पातामा पनि एकचोटी हानेको भन्ने प्रत्यक्षदर्शीहरूको भनाई देखिन्छ । साथै टाउकोमा एक ठाउँमा

चोट लागेको र अन्य चिथोरिएका कोपारिएका बाहेक कुनै गम्भीर घाउचोट नरहेको भनी लासजाँच मुचुल्काको प्रतिवेदन रहेको परिप्रेक्ष्यमा मृतकले प्रतिवादी सुजित नेपालीको आमा प्रतिवादी सेती वि.क.लाई कुटपीट गरी कुटपीट गरिएकोमा मृतकलाई सम्झाउन खोज्दा मृतकले नै प्रतिवादी सुजित वि.क.लाई कुटपीट गरी सिङ्गलसिङ्गल खेल्ने हो भनी च्यालेन्ज गरेको हुँदा रिस थाम्न नसकी सोही वारदातस्थलमै भएको लाठाले हानेको र सोही चोटले मृतकको मृत्यु भएको तथ्य मिसिल प्रमाणबाट पुष्टि भएकोले प्रस्तुत वारदात मनसायप्रेरित नदेखिई आवेशप्रेरित हत्या देखिन आएकोले प्रतिवादी सुजित नेपालीलाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १०(दश) वर्ष कैद गरी प्रतिवादी सेती वि.क.ले अभियोग दावीबाट सफाइ पाउने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल मङ्सिर १० गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CR-१०३५, जबर्जस्ती करणी, *रन्जन भन्ने योगराज पाण्डे वि. नेपाल सरकार*

पीडित नाबालिका उमेरको भए पनि १४-१५ वर्ष उमेरको देखिएको, वारदातस्थलबाट फेला परेको पीडितको पाइन्टसमेतमा परीक्षण हुँदा वीर्य फेला परेकोसमेतबाट वारदात पुष्टि भएको अवस्थामा वयस्क पुरुषले नाबालिकालाई जबर्जस्ती करणी गर्दा योनीको कन्याजाली नच्यातिएको एवं योनी क्षत विक्षत नभएको, पीडितको शरीरमा कुनै घाउ चोट लागेको देखिँदैन भन्ने आधारमा जबर्जस्ती करणी भएको नै होइन भन्न मिलेन । त्यस्तै आफू बसेको र आफ्नै हित गरिरहेको संस्था प्रमुख विरूद्ध १४ वर्ष नपुगेकी पीडितले आफ्नो पछिको भविष्यसमेतलाई दूरगामी प्रभाव र असर पर्ने गरी बिनाकसूर आरोप लगाउँदा सोबाट पीडित आफैंलाई फाइदा नभै नोक्सानी नै हुने हुँदा पीडितले प्रतिवादी विरूद्ध लगाएको प्रस्तुत जबर्जस्ती करणीको आरोप मिथ्या र निरर्थक हो भन्न नमिल्ने ।

प्रतिवादी मौकामा र अदालतमा कसूरमा इन्कार रहे पनि प्रतिवादीउपर किटानी जाहेरी परेको र पीडितको मौकाको कागज एवं निजको अदालतको बकपत्र र मौकामा भएको पीडित सुमनाको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतका मिसिल संलग्न प्रमाणबाट प्रतिवादी रन्जन भन्ने योगनाथ पाण्डेले जबर्जस्ती करणी गरेको भन्ने पीडितको कथनलाई पुष्टि गरेको हुँदा यी प्रतिवादीले अभियोग दावीको कसूर गरेको देखिने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल साउन १६ गते रोज ४ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CI-०४२५, परमादेश, *रामकुमार साह वि. भगतनारायण साहसमेत*

विपक्षीमध्येकी राधादेवीले निवेदकसमेत उपर मोरङ जिल्ला अदालतमा अंश चलन मुद्दा दिई कारवाहीयुक्त रहेको भनी निवेदनपत्रमा उल्लेख भएको देखियो । निवेदकले दावी लिएको घर सम्बन्धमा उक्त अंश मुद्दाबाट पनि बोलिने विषय भएकाले शुरू तहमा कारवाहीयुक्त अवस्थामा रहेको मुद्दालाई असर पर्नसक्ने गरी यो निषेधाज्ञा मुद्दामा तत्काल केही बोलिरहनु पर्ने हुँदैन । विपक्षीमध्येका भगतनारायणको लिखित जवाफमा निवेदकले दावी गरेको घर भत्काउने कुनै कार्य नगरेको जिकीर रहेको देखिन्छ । यस स्थितिमा निवेदकले दावी गरेबमोजिम निवेदकको हकाधिकारमा तत्काल असर पर्ने आशङ्का विद्यमानता रहे भएको नदेखिँदा पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटरः भाष्कर पगेनी

इति संवत् २०७० साल साउन ३१ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CI-०७३३, निषेधाज्ञा, *छत्रपति*

*बजगाईं वि. जिल्ला इलाम, चुलाचुली क्षेत्रको अव्यवस्थित बसोबास समस्या समाधान समिति, २०६४ बिर्तामोड, झापासमेत*

निवेदकको एकलौटी दर्ता हकभोगको साविक बाँझो गा.वि.स.वडा नं. ९ हाल चुलाचुली गा.वि.स.वडा नं. ३ को कि.नं. २ को जग्गा रोपनी ४९-६-०-० जग्गा विपक्षीमध्येको ईश्वरीप्रसाद चापागाईंसमेतले कित्ताकाट गरी आफ्नो नाउँमा दर्ता गराउन विपक्षी इलाम जिल्ला, चुलाचुली क्षेत्रको अव्यवस्थित बसोबास समस्या समाधान समितिमा निवेदन दिएकोमा सो समिति तथा मालपोत कार्यालयसमेतले सो जग्गा विपक्षीहरूका नाममा दर्ता गर्ने, मोठ कायम गर्ने आशङ्का भएकाले उक्त कार्य नगर्नु नगराउनु भनी निषेधाज्ञाको आदेश जारी गरिपाऊँ भन्ने निवेदन दावी रहेको पाइन्छ । पुनरावेदन अदालत, इलामले निवेदकले दावी लिएको विषयमा कार्य सम्पन्न भइसकेको र विपक्षी समितिसमेत विघटन भइसकेको भन्ने आधारमा निवेदन खारेज हुने ठहर्‍याएको आदेशउपर निवेदकको तर्फबाट यस अदालतमा पुनरावेदन परी पेश हुन आएको देखिँदा यस सम्बन्धमा मालपोत कार्यालय, इलामको लिखित जवाफ हेर्दा चुलाचुली क्षेत्रको अव्यवस्थित बसोबास समस्या समाधान समिति, २०६४ को मिति २०६७।१२।२६ को निर्णयले कि.नं. २ को जग्गा विपक्षी ईश्वरीप्रसाद चापागाईंसमेतका नाममा दर्ता गरिदिने निर्णय भै जग्गाधनी दर्ता स्रेस्ता कायम भइसकेको भन्ने उल्लेख भएको देखिन्छ । यी पुनरावेदकले सोही विषयमा मिति २०६८।१।९ मा पुनरावेदन अदालत, इलाममा निषेधाज्ञाको आदेश जारी गरिपाऊँ भनी निवेदन दिएको देखियो । यसरी निवेदकले आशङ्का व्यक्त गरी निषेधाज्ञाको माग गरेको विषयमा करीब एक वर्ष पहिले नै निर्णय भई सो कार्य सम्पन्न भई सकेको देखिएको अवस्थामा निषेधाज्ञाको आदेश जारी गर्ने अवस्था हुँदैन । यसका अतिरिक्त मुख्यरूपमा विपक्षी बनाएको चुलाचुली क्षेत्रको अव्यवस्थित बसोबास समस्या समाधान समिति, २०६७ साल चैत मसान्तबाट विघटन भैसकेको भन्ने विपक्षी धर्मानन्द चापागाईंसमेतको लिखित जवाफबाट देखिएकोले यस अवस्थामा निवेदकको निवेदन दावीबमोजिमको आदेश जारी गर्नु नपर्ने ठहर्‍याएको पुनरावेदन अदालतको आदेश मनासिब देखिने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७० साल साउन ३१ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CI-०७३५, परमादेश, *पल्पना गुरूङ वि. भीमबहादुर गुरूङसमेत*

पुनरावेदकले अदालतको फैसलाबमोजिम जिती पाएका जग्गामध्ये केही जग्गाको जग्गाधनी प्रमाणपूर्जा प्राप्त गरिसकेको देखिन्छ । त्यस्तै मालपोत कार्यालयमा रोक्का रहेका जग्गाहरू फुकुवा भएका बखत र नरघटी भएका जग्गाहरू क्षेत्रफल कायम भएका बखत हुने गरी सो बाहेकका जग्गाहरू दाखिल खारेज गरी दिएमा मञ्जूर छ भनी यी पुनरावेदकले मालपोत कार्यालय, चैनपुरमा मिति २०६२।११।६ मा निवेदन दिई सनाखतसमेत गरेको देखिन्छ । उपर्युक्त अवस्थामा निवेदकले विपक्षी बनाएका निकायहरूबाट कानूनबमोजिमको कर्तव्य निर्वाह नगरेको भन्न मिल्ने अवस्था देखिन आएन । निवेदकले उल्लेख गरेको नरघटी भएका जग्गा सम्बन्धमा निवेदकले कारवाही चलाई सामान्य प्रक्रियाबाट नै जग्गा दा.खा. गराई लिनसक्ने अवस्था विद्यमान रहेको भनी परमादेश जारी नहुने गरी निवेदन खारेज गरेको पुनरावेदन अदालतको आदेश मनासिब देखिने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७० साल साउन ३१ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CI-१२०३, निषेधाज्ञा, *शैजिना श्रेष्ठसमेत वि. जिल्ला प्रशासन कार्यालय, मकवानपुर हेटौंडासमेत*

निवेदकसमेतको हक लाग्ने निवेदकका पिता शैलेशकुमार श्रेष्ठ नाउँ दर्ताको कि.नं. ६२६७ को घरजग्गा विपक्षी अनीता अधिकारीलाई जालसाज गरी राजीनामा गरेकोमा

निवेदकले जिल्ला अदालतमा अंश र जालसाज मुद्दा दिई विचाराधीन रहेको अवस्थामा विपक्षी अनीता अधिकारीले विपक्षी कार्यालयमा उजूर गरी हामीलाई घरबाट निकाल्ने पक्राउ गर्ने आशङ्का भएकाले जिल्ला अदालतमा चलेको मुद्दा टुङ्गो नलागेसम्म हामीहरूको घरबाट नउठाउनु र पक्राउ नगर्नु भन्ने निषेधाज्ञा जारी गरिपाऊँ भन्ने निवेदन दावी रहेको पाइन्छ । पुनरावेदन अदालतले निवेदन खारेज हुने ठहर्‍याएको फैसलाउपर निवेदकको यस अदालतमा पुनरावेदन परी पेश हुन आएको देखिँदा निवेदन लेखबाट नै विवादित घरजग्गामा निवेदकको निर्विवाद हक स्थापित भइसकेको भन्ने देखिन आएन । निषेधाज्ञाको आदेश निर्विवाद हक भएको विषयमा जारी हुने प्रकृतिको आदेश भएकाले निर्विवाद हक स्थापित भई नसकेको अवस्थामा निषेधाज्ञा जारी हुन सक्तैन । प्रस्तुत मुद्दामा निवेदकले दावी लिएको विषयवस्तुमा जिल्ला अदालतमा जालसाज र अंश मुद्दा दायर गरिसकेको भनी निवेदनपत्रमा उल्लेख भएको देखिँदा सोही मुद्दाबाट निवेदकले उपचार प्राप्त गरी न्यायिक निरोपण हुनसक्ने हुँदा तत्काल निषेधाज्ञाको आदेश जारी हुन नसक्ने भनी पुनरावेदन अदालतले गरेको आदेश मनासिब देखिने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७० साल साउन ३१ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CI-१३८७, निषेधाज्ञा, *पंकजकुमार वैश्य वि. दुलारादेवी ठाकुरसमेत*

दुलारादेवीको लिखित जवाफमा मील सञ्चालनबाट श्वासप्रश्वासमा कठिनाई भई मीलको ध्वनीले कान बहिरो हुँदै गएकाले मर्का परेको कुरामा कारवाहीको लागि घरेलु तथा साना उद्योग कार्यालयमा निवेदन दिई सो विचाराधीन रहेको अवस्थामा मीलको गोदाममा आगलागी हुँदा मेरो घर क्षति भएकोमा क्षतिपूर्तिको लागि जिल्ला प्रशासन कार्यालय, बाँकेमा निवेदन दिएको भन्ने जिकीर रहेको पाइन्छ । दुलारादेवी र मील सञ्चालकबीच क्षतिपूर्तिको विषयमा छलफल गराउँदा घर मर्मत गर्न रू. ५०,०००।— क्षतिपूर्ति दिन मञ्जूर भएको निवेदकलाई करकापसाथ रकम असूल गर्ने तथा उद्योग बन्द गराउने कुनै काम कारवाही नभएको भन्ने जिल्ला प्रशासन कार्यालयको लिखित जवाफ रहेको देखिन्छ ।

निवेदकको मीलबाट परेको हानि नोक्सानी सम्बन्धमा क्षतिपूर्तिको लागि प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिन पाउने अधिकार वातावरण संरक्षण ऐन, २०५३ को दफा १७(१) तथा वातावरण संरक्षण नियमावली, २०५४ को नियम ४५ मा भएको सन्दर्भमा सोही विषयमा प्रमुख जिल्ला अधिकारीसमक्ष दुलारादेवीले निवेदन दिई यी पुनरावेदकले स्वेच्छाले रू. ५०,०००।- क्षतिपूर्ति दिन राजी भएको काम कारवाहीबाट निवेदकको कानुनप्रदत्त कुनै अधिकारमा आघात परेको भन्ने नदेखिँदा निवेदन खारेज हुने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७० साल साउन ३१ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-CI-०९२२, निषेधाज्ञा, *ठाकुर पण्डित वि. जगदीश महतो धानुकसमेत*

अदालतको आदेशानुसार २०६९।४।२० मा नाप नक्सा भएकोमा सो नक्सा मुचुल्कामा विवादित स्थानमा बाटो रहेको भन्ने देखिन्छ । पुनरावेदकले शुरू निवेदनपत्रमा र यस अदालतमा पुनरावेदन गर्दा पनि निजको जग्गामा विपक्षीहरूले जबर्जस्ती बाटो निर्माण गर्न लागेको आशङ्का भएको भन्ने जिकीर लिएकोमा उक्त नक्सा मुचुल्काको व्यहोराबाट पुनरावेदकले देखाएको आशङ्काको अवस्था अब विद्यमान रहेको देखिँदैन । निषेधाज्ञाको आदेश जारी हुनको लागि दावी गरिएको विषयमा आशङ्काको अवस्थाको विद्यमानता हुन आवश्यक हुन्छ । प्रस्तुत मुद्दामा प्रत्यर्थीहरूले बाटो निर्माण गर्ने आशङ्का भएको भनी पुनरावेदकले निषेधाज्ञाको आदेशको माग गरेकोमा विवादित स्थानमा बाटो निर्माण भैसकेको भन्ने कुरा नक्सा मुचुल्काबाट देखिएकोले यस

अवस्थामा निषेधाज्ञाको आदेश जारी गर्नुको कुनै औचित्य नहुँदा पुनरावेदन जिकीर पुग्न नसक्ने ।
इजलास अधिकृत: विश्वनाथ भट्टराई
कम्प्युटरः भास्कर पगेनी
इति संवत् २०७० साल साउन ३१ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CI-१४६८, निषेधाज्ञा, *लक्ष्मी यादव वि. देवजी यादवसमेत*

निवेदकले प्रस्तुत मुद्दामा दावी लिएको विषयमा जिल्ला अदालतमा परेको मुद्दाबाट नै न्यायिक निरोपण हुनसक्ने भएबाट विचाराधीन रहेको सो मुद्दालाई असर पर्ने गरी तत्काल निषेधाज्ञा मुद्दाबाट हस्तक्षेप गर्न उचित हुँदैन । यस अवस्थामा निवेदकले जिल्ला अदालतमा चलेको मुद्दाबाट नै उपचार पाउनसक्ने भएकाले निवेदन मागबमोजिमको आदेश जारी नहुने ठहर्याएको पुनरावेदन अदालतको आदेश मनासिब देखिने ।
इजलास अधिकृतः विश्वनाथ भट्टराई
कम्प्युटरः विकेश गुरागाई
इति संवत् २०७० साल साउन ३१ गते रोज ५ शुभम् ।

- यसै लगाउको ०६८-CR-१३४८, अदालतको अपहेलना, *लक्ष्मी यादव वि. देवजी यादवसमेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CI-०९८४, निषेधाज्ञा, *सुशील राना वि. जैपाल चमार*

निवेदकले आफ्नो घरजग्गा बसोबास रहेको भनी दावी गरेको कि.नं. २२९ को जग्गा निवेदकको निर्विवाद हक रहेको भन्ने कुरा निवेदकले देखाउन सकेको पाइएन । निर्विवाद हक रहेको अवस्थामा मात्र निषेधाज्ञाको आदेश जारी हुनसक्ने भएकाले विवादित जग्गामा निवेदकको निर्विवाद हक भएको नदेखिँदा निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमानता नभएको भनी निवेदन खारेज गरेको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०६८।२।१८ को आदेश मिलेको देखिँदा सदर हुने ।
इजलास अधिकृतः विश्वनाथ भट्टराई
कम्प्युटरः विकेश गुरागाईं
इति संवत् २०७० साल साउन ३१ गते रोज ५ शुभम् ।

९

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CI-१३५९, निषेधाज्ञा परमादेश, *धनप्रसाद पाण्डे वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकलाई नेपाल सरकार मन्त्रिस्तरीय निर्णयबाट पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति २०६६।१२।२६ पत्रले कर्णाली क्षेत्र पर्यटन प्रबर्द्धन विकास समिति (गठन) आदेश २०६६ को दफा ३(२)(क) बमोजिम सो समितिको अध्यक्ष पदमा मनोनयन गरिएको देखिन्छ । यसरी मनोनयन हुने अध्यक्षको पदावधि चार वर्षको हुने भन्ने कुरा सोही गठन आदेशको दफा ३(४) मा उल्लेख भएको देखिन्छ । सोही गठन आदेशको दफा ३(५) मा उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष तथा मनोनीत सदस्यले आफ्नो पदअनुरूपको काम नगरेमा नेपाल सरकारले निजलाई जुनसुकै बखत अध्यक्ष तथा सदस्यको पदबाट हटाउन सक्नेछ र त्यसरी हटाउनुअघि निजलाई सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन भन्ने व्यवस्था रहेको देखियो । निवेदकले आफुलाई पदबाट हटाउने आशङ्काले उक्त स्पष्टीकरण सोधिएको भनी दावी लिएको देखिए पनि उक्त स्पष्टीकरण सोधिएको कार्यमा कुनै प्रक्रियागत त्रुटि रहेको भन्ने दावी गर्न सकेको देखिँदैन । त्यस्तै उक्त गठन आदेशमा भएको व्यवस्थाबमोजिम निवेदकलाई नेपाल सरकारले स्पष्टीकरण सोधिएको कार्यले तत्काल निवेदकको कानुनप्रदत्त कुनै हकाधिकारमा आघात पुगेको नदेखिँदा निवेदन खारेज हुने ।
इजलास अधिकृतः विश्वनाथ भट्टराई
कम्प्युटरः विकेश गुरागाईं
इति संवत् २०७० साल साउन ३१ गते रोज ५ शुभम् ।

१०

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CR-०७९२, निषेधाज्ञा, *मालिका ढकाल वि. सुकुम्बासी समस्या समाधान आयोगसमेत*

सुकुम्बासी समस्या समाधान जिल्ला समिति, भद्रपुरको लिखित जवाफमा कि.नं. १७९ को जग्गा साविक २०५५ सालको सुकुम्बासी समस्या समाधान आयोगबाट विष्णुमाया अधिकारीको नाममा दर्ता गर्ने निर्णय भई मोठ स्रेस्ता कायम गरेको भन्ने देखिएकाले निवेदकले दावी गरेको विषयमा कार्य सम्पन्न भइसकेको देखिन्छ। निषेधाज्ञाको आदेश आशङ्काको अवस्थामा मात्र जारी हुने प्रकृतिको आदेश भएकाले कार्य सम्पन्न भइसकेको अवस्थामा निषेधाज्ञा जारी हुन नसक्ने हुँदा निवेदन खारेज हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल साउन ३१ गते रोज ५ शुभम् ।

११

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CR-०९४३, निषेधाज्ञा, परमादेश, *असर्फी यादव वि. जिल्ला कार्यालय, ससरीसमेत*

निवेदकले दावी गरेको विद्यालय व्यवस्थापन समितिको निर्वाचन स्थगित भई सकेको भनी विपक्षीहरूको लिखित जवाफमा उल्लेख भएको देखिँदा निवेदकले माग दावी गरेको आशङ्काको अवस्था विद्यमान रहेको देखिएन । यी निवेदकको मागबमोजिम विद्यालय व्यवस्थापन समितिको निर्वाचन गराउँदा शिक्षा ऐन र नियमावलीको प्रक्रिया अपनाई निर्वाचन गराउन भनी पुनरावेदन अदालतबाट परमादेश जारी भइसकेको देखिएकाले पुनरावेदन अदालतको आदेश मनासिब देखिने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७० साल साउन ३१ गते रोज ५ शुभम् ।

१२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CR-१२७६, विष खुवाई मारेको कर्तव्य ज्यान, *शिवप्रसाद पौडेल वि. नेपाल सरकार*

प्रतिवादी शिवप्रसाद र मृतकले सँगै विष सेवन गरी अचेत अवस्थामा भएको भए ४/५ दिनपछि प्रतिवादी शिवप्रसादले स्वास्थ्य उपचारको लागि अस्पताल भर्ना हुनुपर्ने अवस्था थिएन र लामो अवधिसम्म अस्पताल बसेको पनि नदेखिएको र मृतकसँगै विष सेवन गरी जङ्गलभित्र आफू पनि बेहोस अवस्थामा रहेको भन्ने कुरा पनि विश्वासयुक्त देखिएन । निजको होस खुलेपछि निजले मृतकका परिवारलाई वारदातको बारेमा जानकारी दिनुपर्ने कर्तव्य भएकोमा सो नगराई ४।५ दिनसम्म भागी हिँडेको भन्ने माथि उल्लिखित अभियोग माग दावीसमेतबाट देखिँदा सिर्जनाको मृत्यु हुनुमा निज शिवप्रसादको हात रहेको र त्यसबाट बच्नको लागि निज फरार रहेको कुरा पुष्टि हुने ।

शव परीक्षण गर्ने डा. विकास देवकोटाले शव परीक्षण गर्दा मृतकको भिसेरामा विष नदेखिएको तर Phusphine Gas स्तनधारी प्राणीको लागि ज्यादै विषादी हुने भएकोले मृत्युसमेत हुन सक्छ भनी अदालतमा बकपत्र गरेको तथा मृतकले र आफूले वियरमा विष मिसाएर खाएको भनी प्रतिवादी स्वयंले साबिती बयानसमेत गरेको र सो कुरा अन्यथा प्रमाणित भएकोसमेत नदेखिँदा प्रतिवादीले विष सेवन गराएकैबाट सिर्जना पौडेलको मृत्यु भएको कुरा प्रमाणित हुने हुँदा प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसूरमा ऐ.को १३(२) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने र प्रतिवादी एच.आई.भी. पोजेटिभ रोगले ग्रस्त भएको प्रमाण मिसिल संलग्न रहेको अवस्थामा प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(२) नं. बमोजिम गरिएको सजाय रोगको कारणले चर्को पर्ने भएकोले मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ५ (पाँच) वर्ष कैद हुने ।

इजलास अधिकृतः शकुन्तला कार्की

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल भदौ ३ गते रोज २ शुभम् ।

१३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६५-CR-०५१७, अनियमित काठ कटानी, *नेपाल सरकार वि. नेपाली शाहसमेत*

मिति २०६०।४।२३, मिति २०६०।४।२६ र मिति २०६०।४।२८ समेतका बरामदी मुचुल्कामा यी विपक्षी प्रतिवादीहरूलाई रोहबरमा राखेको नदेखिएको र सो मुचुल्कामा काठमा लागेको धोद्रो र बोक्रोको भाग कट्टी नगरेको भन्ने पनि प्रतिवाद कथन देखिएको र नाप जाँच भएको काठ ठेकेदारले लगिसकेको, उक्त काठ बोक्रा र धोद्रासहित भएकाले बढी देखिएको भन्नेसमेत देखिने ।

काठको मापन हुँदा ढालिएको रूखको बोक्रा, धोद्रोपन र खोक्रोपनसमेत छुट्ट्याउनु पर्ने हुँदा ढालिएको रूखको कुल आयतन कति र त्यसमा कट्टा हुनुपर्ने बोक्रो र धोद्रोपनसमेत कति भनी स्पष्टरूपमा छुट्याइएको नपाइँदा हचुवा मापन न्यायको प्रयोजनार्थ आधार हुन नसक्ने। शङ्काको लाभ अभियुक्तले पाउने र प्रमाणको भार वादीमा रहने हुँदा वादीले दावी शङ्कारहित तवरले पुष्टि गर्न नसकेको अवस्थामा प्रतिवादीले कसूर गरेको मानी सजाय गर्न नमिल्ने हुँदा प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको पुनरावेदन अदालत, पोखराको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः शकुन्तला कार्की
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०७० साल भदौ ३ गते रोज २ शुभम् ।

१४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-WO-११२९, उत्प्रेषण परमादेश, *हरिकुमार झासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेत*

निजामती सेवा ऐनको दफा २१ बमोजिम कुनै पनि राजपत्रअनङ्कित कर्मचारीको बढुवाको लागि बढुवा हुने पदको श्रेणीभन्दा एक श्रेणीमुनिको पदको लागि तोकिएबमोजिमको शैक्षिक योग्यता र न्यूनतम् तीन वर्ष सेवा अवधि पूरा गर्नुपर्ने व्यवस्था गरेको देखिँदा निजहरू निजामती सेवा ऐनको दोस्रो सशोधन, २०६४ बमोजिम स्वतः राजपत्रअनङ्कित द्वितीय श्रेणीमा बढुवा भएको अवस्था देखिन आयो । यसरी नेपाल सरकारको राजपत्रअनङ्कित तृतीय श्रेणीको पद नै खारेज गर्ने नीति लिएको अवस्थाका साथै २०६८ सालको तलबमानमा राजपत्रअनङ्कित तृतीय श्रेणीको पदको तलबमानको व्यवस्था नै नगरेको अवस्था देखिँदा यी निवेदकहरूको मागमोजिमको आदेश जारी गर्न मिल्ने अवस्थाको विद्यमानता नदेखिने ।

इजलास अधिकृतः रिन्जा डंगोल
इति संवत् २०७० साल मङ्सिर २५ गते रोज ३ शुभम् ।

१५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६५-WO-०८९६, उत्प्रेषण परमादेश, *बेचन राय वि. शिक्षक सेवा आयोग, सानोठिमी भक्तपुरसमेत*

शिक्षक सेवा आयोग नियमावली, २०५७ को परिच्छेद्-४ मा बढुवासम्बन्धी व्यवस्था गरेको पाइन्छ । उक्त व्यवस्थाबमोजिम रही निवेदकले बढुवा हुने अवसर प्राप्त गर्नु निजको हकको कुरा हो । निवेदकले २०६० र २०६२ को का.स.मू. नभरेको दोषारोपण गरी निजले कानूनबमोजिम पाउनुपर्ने अङ्कबाट बञ्चित गरी निजको बढुवाको हक अपहरण गर्नु कानूनसङ्गत् नहुने ।

आफ्नो कार्यालयमा दर्ता गरिएका कागजात कहाँ छन् र के कस्तारूपमा छन् देखाउने र प्रस्तुत गर्ने दायित्त्व सम्बन्धित कार्यालयको हो । आफ्नो कार्यालयमा दर्ता गरिएका कागजातको विषयमा कार्यालयको जिम्मेवारी हुन्छ । यसरी दर्ता किताबबाट यी निवेदकले २०६० र २०६२ को का.स.मू. भरेको अवस्था देखिएकोमा निजलाई सोबापतको अङ्क प्रदान नगरी बढुवा पाउने निजको अधिकारमा आघात पुग्न गएको देखिने ।

निवेदकलाई का.स.मू. बापत पाउनुपर्ने अङ्कभन्दा कम अङ्क प्रदान भएबाट निजको बढुवा हुने अधिकारमा आघात परेको हुँदा शिक्षक सेवा आयोगको मिति २०६५।५।२६ निर्णयले मिति २०६५।५।२७ को गोरखापत्रमा प्रकाशित सूचना र आयोगकै २०६६।१।२४ समेतको निर्णय निवेदकका हकमा कानूनसङ्गत् नदेखिँदा उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । यी निवेदकको यस आदेशमा उल्लेख गरिएबमोजिम औसत निकाली पाउनुपर्ने अङ्क प्रदान गर्दा निवेदकले बढुवा पाउने देखिएमा अन्य उम्मेद्वारले पाएकै मितिबाट लागू हुने गरी बढुवा दिनु भन्नेसमेतको परमादेश विपक्षी शिक्षक

सेवा आयोगसमेतका सरकारी निकायहरूको नाममा जारी हुने ।

इजलास अधिकृतः रिन्जा डंगोल

इति संवत् २०७० साल मङ्सिर २५ गते रोज ३ शुभम् ।

१६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-CR-०६८१, चितुवाको आखेटोपहार, *नेपाल सरकार वि. खगेन्द्रबहादुर चन्द*

प्रतिवादीको सँगसाथ तथा निजको पसलबाट अवैध वस्तु बरामद भएको देखिँदैन भने निजको बरामदी स्थलमा उपस्थितिसमेत रहे भएको देखिँदैन । निज लामो समयदेखि बिजुलीको सामानको बिक्री वितरण गरी बसेको तथा निजको चालचलन राम्रो भएको भनी बुझिएका सर्जमीनका मानिसहरूले लेखाई दिएको देखिन्छ । सहअभियुक्तको पोल बाहेक अन्य कुनै प्रमाणबाट यी प्रतिवादीको कसूरमा संलग्नता रहेको मिसिल संलग्न प्रमाणबाट देखिँदैन । प्रतिवादी कसूरमा पूर्णतः इन्कार रहेको अवस्थामा अन्य स्वतन्त्र प्रमाणको अभावमा सहअभियुक्तको पोललाई एकमात्र आधार लिई कसूरदार ठहऱ्याउनु कानूनसम्मत् तथा न्यायसम्मत्समेत नदेखिँदा यी प्रतिवादीलाई समेत कसूरदार कायम गरी सजाय हुनुपर्दछ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकीर पुग्न नसक्ने हुँदा प्रतिवादी खगेन्द्र चन्दलाई आरोपित कसूरबाट सफाइ दिने ।

इजलास अधिकृतः रामप्रसाद भट्टराई, रिन्जा डंगोल

कम्प्युटरः कल्पान बर्तौला

इति संवत् २०७० साल मङसिर २५ गते रोज ३ शुभम् ।

१७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CR-०७८०, १२३३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. देवसिंह विष्ट, देवसिंह विष्ट वि. नेपाल सरकार*

मृतक र प्रतिवादी सँगसाथमा बसी मादक पदार्थ सेवन गरेपश्चात् विवाद भएको, अन्य मादक पदार्थ सेवन गर्ने व्यक्तिहरू निजहरूलाई छाडी हिंडेको, मृतक र प्रतिवादीमात्र घटनास्थलमा रहेको देखिएको प्रतिवादीका बाबुले घरको ढोका बन्द गरेपछि आधा घण्टा जतिपछिमात्र प्रतिवादी घरमा आई सुतेको, प्रतिवादीको घरबाट लास रहेको स्थानसम्म घिसारिएको डाम देखिनुका साथै भोलिपल्ट बिहान प्रतिवादीले मृतकको शरीरमा लुगा लगाई दिँदै गरेको उल्लिखित परिस्थितिजन्य प्रमाणबाट यी प्रतिवादी देवसिंह विष्टले बीरबहादुर भाटलाई कर्तव्य गरी हत्या गरेको पुष्टि हुने ।

हत्या गर्नुपूर्व र हत्या भइसकेपछि प्रतिवादीका व्यहोरालाई समानरूपमा हेर्न मिल्दैन । जिउँदो व्यक्तिको शरीर र सो लासमा परीक्षण भइसकेपछिका प्रतिवादीका व्यवहारलाई समानरूपमा हेर्न मिल्दैन । मरिसकेको लासलाई घिसार्न र लुगा लगाइदिनु र मिलाइदिनु भन्नु जस्ता कार्यले ज्यान मार्ने मनसाय पुष्टि गर्दैन । मनसायबिना रक्सी नदिएको कारणबाट आमाचकारी गाली गर्ने व्यक्तिलाई तत्काल उठेको रिसबाट मुक्काले हानी कुटपीटका कारणले भएको हत्याका हकमा ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सजायसमेत तोक्न नमिल्ने ।

प्रतिवादी देवसिंह विष्टलाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद हुने ठहऱ्याई पुनरावेदन अदालत, महेन्द्रनगरबाट मिति २०६७।५।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः रामप्रसाद भट्टराई, रिन्जा डंगोल

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल मङसिर २६ गते रोज ४ शुभम् ।

१८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६५-WO-००२९, उत्प्रेषण, *इन्दीरा न्यौपाने वि. हरिभक्त पराजुलीसमेत*

निवेदिकाको जिकीरबमोजिम निजले प्राप्त गरेको लिखतहरूबाट दाइजो पेवाबाट प्राप्त भएको वा त्यस्तो दाइजो पेवाबाट प्राप्त आयबाट बढे बढाएको भन्ने कहीं कतैबाट पुष्टि भएको नदेखिएको हुँदा उक्त स्त्री अंशधन महलको दफा ५ को कानूनी प्रावधान प्रस्तुत रिटमा आकर्षित नहुने देखिएको छ । अतः निवेदिकाको निजी हकको सम्पत्ति नदेखिएको हुँदा त्यस्तो सम्पत्ति सगोलको सम्पत्ति मानिने ।

दुनियाँको बिगोबापत जायजात गर्दा

त्यो धन खाने बाह्र वर्षको उमेरदेखि माथिका ऐनबमोजिम मानु नछुट्टि सँगबसेका वा त्यो धन खाँदा सँगबसेका पछि भिन्न हुनेको अंशसमेत जायजात गर्नुपर्ने एवं पछि भिन्न भएको आधारबाट बिगो तिर्न छुट नपाउने ।

इजलास अधिकृतः गेहेन्द्रराज पन्त

कम्प्युटरः गीता घिमिरे

इति संवत् २०७० साल पुस २८ गते रोज १ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०६५-WO-०३६२, उत्प्रेषण, *इन्दीरा न्यौपाने वि. मालपोत कार्यालय, झापासमेत*
- ०६६-WO-०५४५, उत्प्रेषण, *इन्दीरा न्यौपाने वि. हरिभक्त पराजुलीसमेत*

१९

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६६-CR-०३७५, वैदेशिक रोजगार, *रामप्रसाद न्यौपाने वि. नेपाल सरकार*

प्रतिवादी रामप्रसाद न्यौपानेले मिति २०६०।०२।०९ मा ऋणी आफू र धनीका नाममा जाहेरवाला हरिभक्त पराजुली भै रू. ३४,००,०००।— रूपैयाँ रकम लिएका देखिएको र सो कागजलाई अदालतमा बयान गर्दा करकापमा गरेको भने पनि सोउपर कतै निवेदन नगरी स्वीकार गरी बसेको देखिँदा वैदेशिक रोजगार ऐन, २०४२ को दफा ३ र २४(२) को कसूर गरेको देखियो । यसमा शुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, पाटनको मिति २०६३।०९।१९ गतेको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः गेहेन्द्रराज पन्त

कम्प्युटरः मन्दीरा रानाभाट घिमिरे

इति संवत् २०७० साल पुस २८ गते रोज १ शुभम् ।

२०

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तर्कराज भट्ट,** ०७०-WH-००४७, बन्दीप्रत्यक्षीकरणसमेत, *शुभराम बस्नेतसमेत वि.महानगरीय प्रहरी परिसर, हनुमानढोकासमेत*

निवेदकहरूलाई हातहतियार खरखजानासम्बन्धी कसूरमा अनुसन्धानको सिलसिलामा अदालती बन्दोबस्तको १२१ नं. बमोजिम दिनुपर्ने थुनुवापुर्जीका हकमा सरकारी वकीलसम्बन्धी नियमावली, २०५५ को अनुसूची १२ बमोजिमको ढाँचामा थुनुवापूर्जी दिई थुनामा राखी उक्त ऐनबमोजिम मुद्दा हेर्ने अधिकारी प्रमुख जिल्ला अधिकारीबाट सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ बमोजिम अनुसन्धानको लागि हिरासतमा राख्न अनुमति दिएको अवस्था अनुसन्धानको फाइलबाट देखिएको र अनुसन्धानबाट देखिन आउने परिणामका आधारमा मुद्दा चलाउने वा नचलाउने भन्ने अवस्था बाँकी नै रहेको र नेपालको अन्तरिम संविधानको धारा १३५ को उपधारा २ अनुसार कुनै अदालत वा न्यायिक अधिकारीसमक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुने संवैधानिक व्यवस्था रहेको अवस्थामा कानूनबमोजिम अनुसन्धानको प्रक्रियामा नै प्रभाव पार्ने गरी मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिल्ने देखिएन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरिकृष्ण श्रेष्ठ

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल फागुन २६ गते रोज २ शुभम् ।

२१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तर्कराज भट्ट,** ०७०-WO-०२१८, उत्प्रेषण, *हडिँया रियल इस्टेट प्रा.लि.समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

श्रम ऐन, २०४८ को दफा २१(४) मा त्यसरी तोकिएको न्यूनतम् पारिश्रमिक महँगी भत्ता र सुविधाको दर नेपाल राजपत्रमा सूचना प्रकाशन भएको मितिदेखिमात्र लागू हुनेछ भनी राजपत्रमा सूचना प्रकाशन भएको मितिदेखि मात्र लागू गर्न सकिने अनिवार्य व्यवस्था गरेको देखिन्छ । तर नेपाल सरकारले २०७०।४।१ देखि लागू हुने गरी २०७०।५।१० मा राजपत्रमा सूंचना प्रकाशित गरेको

देखिन्छ । सम्बद्ध ऐनले स्पष्टरूपमा राजपत्रमा सूचना प्रकाशित गरेको मितिभन्दा अघिदेखि नै लागू हुने गरी प्रकाशित सूचना उक्त ऐनको दफा २१(४) विपरीत देखिने ।

श्रम ऐन, २०४८ को दफा २१(२) अनुसारको समिति गठन हुन नसकेको अवस्थामा नेपाल सरकारको सोही दफा २१(५) अनुरूप चिया बगानमा कार्यरत् मजदुर कर्मचारीहरूको पारिश्रमिक निर्धारण गर्न नसक्ने भन्न मिलेन । निर्धारण गरिएको उक्त न्यूनतम् पारिश्रमिक नेपाल राजपत्रमा सूचना प्रकाशित भएको मिति अर्थात् मिति २०७०।५।१० देखि लागू हुने भनी सूचनामा उल्लेख हुनुपर्नेमा सो भन्दा अगावै अर्थात् राजपत्रमा सूचना प्रकाशित हुनुअगावै २०७०।४।१ देखि लागू हुने भनी मिति २०७०।५।१० मा नेपाल राजपत्रमा प्रकाशित सूचना सो हदसम्म मिलेको नदिखँदा नमिलेको सो हदसम्म उक्त सूचना बदर हुन्छ । मिति २०७०।५।१० मा नेपाल राजपत्रमा प्रकाशित पूरै सूचना बदर गरिपाऊँ भन्ने निवेदन दावी पुग्न सक्तैन । निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरिकृष्ण श्रेष्ठ
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०७० साल फागुन २७ गते रोज ३ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०७०-WO-०२१७, उत्प्रेषण, *नेपाल चिया विकास निगम लि. बिर्तामोड झापा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*
- ०७०-WO-०२१९, उत्प्रेषण, *नेपाल चिया उत्पादन संघ केन्द्रीय समिति, भद्रपुर झापा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

२२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-CR-०७५९, उत्प्रेषण परमादेश, *वीरेन्द्रप्रसाद यादव वि. पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसमेत*

निवेदकको स्थानमा अर्कै व्यक्ति नियुक्ति भै निजले नियुक्ति भएको पदको हैसियतले कामसमेत गरिसकेपछि उक्त नियुक्तिबाट निवेदक आफूलाई मार्का परेको भनी निर्णय भएको करीब १० महिनापछि मात्र अदालत प्रवेश गरेको विलम्बसम्बन्धी सिद्धान्तसमेतले निवेदकलाई मद्दत गर्ने अवस्था नदिखिँदा मिति २०६८।१।९ को निर्णयबाट रिट निवेदकलाई सिम्रौन क्षेत्र पर्यटन प्रबर्द्धन विकास समिति गठन आदेश, २०६६ को दफा ३(५) अनुसार स्पष्टीकरण सोधी पदबाट हटाइएकोमा अनुचित विलम्ब गरी मिति २०६८।११।११ मा रिट निवेदन दायर हुन आएको तथा मिति २०६८।१।१३ को निर्णयबाट श्यामकिशोर प्रसादलाई सोही अध्यक्ष पदमा नियुक्ति गरिएको निर्णय विरूद्ध कुनै चुनौती नदिई सो निर्णय यथावत् कायम रहेको अवस्थासमेत देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिल्ने देखिएन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः शकुन्तला कार्की
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०७० साल असार १६ गते रोज १ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०७०-CI-००४५, निषेधाज्ञा, *प्रदीप साह हलुवाईसमेत वि. परमेश्वर साह*

निवेदकको कि.नं. ५५ को जग्गा स्रेस्तामा भन्दा भोगमा घटी हुन गएको भन्ने तथ्य उक्त जग्गाका सँधियार पुनरावेदकहरूले लिखित जवाफमा उल्लेख गरेको तथ्य, यस निषेधाज्ञा मुद्दाबाट निर्णय गर्न सकिने विषय होइन । यस्तो अवस्थामा केवल पुनरावेदकहरूको मौखिक कथनकै आधारमा स्रेस्ता प्रमाणबाट देखिएको जग्गा साधिकार अदालतको अन्तिम फैसला भइसकेको अवस्थामा निवेदकहरूको जग्गा घटेको मात्र कानूनतः नमिल्ने हुँदा निवेदकहरूको जग्गा संरक्षण गर्ने कार्यमा कुनै अवरोध नगर्नु भनी पुनरावेदन अदालत, जनकपुरबाट भएको

निषेधाज्ञाको आदेशलाई अन्यथा भन्न नमिल्ने ।
इजलास अधिकृतः कपिलमणि गौतम
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०७० साल फागुन ५ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-CI-०१९४, लेनदेन, *सन्तलाल चौधरी वि. देवीलाल चौधरी*

वादीले फिरादपत्रसाथ पेश गरेको मिति २०५४।१।४ को लिखतमा लेखिएको जग्गाबाट नै वादीलाई प्रतिवादीले र.नं. १८७६ मिति २०५६।११।२६ मा राजीनामा पारीत गरी लिनुदिनु गरिसकेको देखिएको अवस्थामा मिति २०५४।१।४ को लिखतमा लेखिएको रकम बाँकी नै राखी छुट्टै अर्को व्यवहार हामी वादी प्रतिवादीबीच भएको हो भन्ने वादीको पुनरावेदन जिकीरलाई निजले वस्तुनिष्ठ प्रमाण पेश गरी प्रमाणित गर्न सकेको नदेखिँदा प्रतिवादीबाट वादीले रकम भराई लिन पाउने ठहर्‍याएको उदयपुर जिल्ला अदालतबाट मिति २०६६।२।३ मा भएको फैसलालाई नमिलेको भनी उल्टी गरी वादी दावी पुग्न नसक्ने ठहर्‍याई मिति २०६७।११।३० मा पुनरावेदन अदालत, राजविराजले गरेको फैसला मिलेकै देखिँदा सदर हुने ।
इजलास अधिकृतः हर्कबहादुर क्षेत्री
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०७० साल पुस १८ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-CI-०८५९, परमादेश, *जिल्ला प्रशासन कार्यालय, सप्तरीको तर्फबाट ऐ.कार्यालयका कार्यालय प्रमुख सञ्जयकुमार सिंह बस्नेत वि. घनश्याम साह*

जाहेरी दरखास्त आएमा रीतबेरीत जाँची दर्ता वा दरपीठ गर्नुपर्ने कर्तव्य तोकिएको कार्यालयले कर्तव्य पालना नगरेको भन्ने कुरा मिसिल संलग्न जाहेरीमा अधिकारप्राप्त अधिकारीको कुनै तोक आदेश नदेखिएबाट पुनरावेदकको भनाई आफैँमा खण्डित भएको पाइन्छ । कानूनले अधिकार कर्तव्य तोकेको पुनरावेदक जिल्ला प्रहरी कार्यालयका नाममा निवेदक प्रत्यर्थीले दिएको जाहेरी दर्ता गरी प्रचलित कानूनबमोजिमको कारवाही अगाडि बढाउनु भनी कानूनको पालना गर्ने गराउने अधिकार कर्तव्य तोकिएको पुनरावेदन अदालत, राजविराजबाट जारी गरेको पररमादेशको आदेशलाई अन्यथा भन्न नमिल्ने ।
इजलास अधिकृतः कपिलमणि गौतम
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०७० साल फागुन ५ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-CI-०८८२, उत्प्रेषण परमादेश, *कृष्णभक्त खड्गीसमेत वि. भरतबहादुर बस्नेत*

निवेदकसमेत पुनरावेदक प्रत्यर्थी रहेको निषेधाज्ञा मुद्दामा यस अदालतबाट यही सम्पत्तिका सम्बन्धमा निजी गुठीको जग्गामा कसैले हस्तक्षेप गरी निर्माण कार्य गर्न नपाउने भनी मिति २०५८।२।३ मा आदेशसमेत भई अन्तिम भएको देखिन्छ । पुनरावेदक प्रत्यर्थीहरूको लिखित जवाफसमेतबाट संरक्षण समितिमार्फत प्रत्यर्थीको निजी गुठीको जग्गामा अतिक्रमण गर्न लागेको भन्ने देखिन आयो । यस अदालतको अन्तिम फैसलासमेतबाट प्रत्यर्थी निवेदकको हकभोग र स्वामित्त्व प्रमाणित भइरहेको कि.नं. १९१ र कि.नं. १९२ को घर, मन्दिर टहरासहितको जग्गामा कुनै किसिमको संरचना निर्माण नगर्नु नगराउनु भनी पुनरावेदन अदालत, पाटनबाट भएको आदेशलाई अन्यथा भन्न नमिल्ने ।
इजलास अधिकृतः कपिलमणि गौतम
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०७० साल फागुन ५ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-CI-११०६, निषेधाज्ञा, *प्रकाशविक्रम अधिकारी वि. ललितपुर उपमहानगरपालिका कार्यालय, पुल्चोकसमेत*

अदालतसमेतबाट भएको अन्तिम फैसलालाई फैसला कार्यान्वयन गर्ने क्रममा प्रत्यर्थी ललितपुर उपमहानगरपालिकाले बिनानक्सापास

निर्माण गरेको टहरा ग्यारेज मिति २०६९।९।२ सम्म भत्काई लैजानु नलगेमा उपमहानगरपालिका स्वयंले भत्काई दिने भनी पुनरावेदकलाई सूचना दिएको पाइयो । अन्तिम फैसलालाई कार्यान्वयन गरी कानूनको शासन गर्नु सम्बन्धित निकायको दायित्त्व हो । आफ्नो अधिकारक्षेत्रभित्र रहेर यस अदालतसमेतको अन्तिम फैसला कार्यान्वयन गर्ने क्रममा कानून र न्यायको सीमाभित्र रही ललितपुर उपमहानगरपालिकाले सूचना जारी गरेको देखियो । यस्तो स्थिति र अवस्थामा निषेधाज्ञाको निवेदनलाई खारेज गरेको पुनरावेदन अदालत, पाटनको आदेशलाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल फागुन ५ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CI-१३५८, निषेधाज्ञा, *रामचन्द्र महर्जन वि. हरिश्चन्द्र महर्जनसमेत*

पुनरावेदकको मोही हक स्थापित नभएको अवस्थामा विवादको जग्गामा अहिले नै निजको निर्विवाद कानूनी हक कायम भएको देखिन आएन । निर्विवाद कानूनी हक र अधिकार सिर्जना नभएको तत्कालको स्थितिमा निषेधाज्ञासमेतको निवेदन खारेज गरेको पुनरावेदन अदालतको आदेशलाई अन्यथा भन्न मिल्ने देखिएन । सक्षम अदालतमा चलेको विचाराधीन मुद्दामा हुने निर्णयानुसार हुने नै छ । निषेधाज्ञाको आदेश कसैको पनि हक स्थापना वा विस्थापनको आधार बन्न सक्दैन । यसमा तत्कालका आधार प्रमाणकै आधारमा निष्कर्ष निकाल्नुपर्ने हुन्छ । ती आधार प्रमाण साधिकार निकायबाट बदर वा अन्यथा हुने वा हुनसक्ने सम्भावनाको आधारमा निषेधाज्ञा जारी गर्ने वा नगर्ने निष्कर्ष निकाल्न नमिल्ने ।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल फागुन ५ गते रोज २ शुभम् ।

## एकल इजलास

**मा.न्या.श्री प्रकाश वस्ती,** ०७०-WO-०४३१, परमादेश, *इन्द्रबहादुर ब्यान्जुसमेत वि. भक्तपुर जिल्ला अदालतसमेत*

सर्वोच्च अदालतसमक्ष उत्प्रेषणलगायतको निवेदन परी कारवाही चलिरहेको भन्ने देखिई रहेको अवस्थामा उक्त रिट निवेदनबाट पुनरावेदन अदालतको संशोधन आदेश बदर भएको स्थितिमा सोहीबमोजिम हुने नै छ । अहिले सो आदेशसमेतको कार्यान्वयनको सिलसिलामा निवेदकले माग गरेको दावी परमादेशको रिटको विषयवस्तुभित्र नपर्ने हुँदा शुरू भक्तपुर जिल्ला अदालतको अंश मुद्दाको फैसला कार्यान्वयनलाई प्रत्यक्ष वा परोक्षरूपमा प्रभाव पार्ने गरी निवेदकको मागबमोजिम आदेश जारी गर्न मिल्ने अवस्था देखिएन । भक्तपुर जिल्ला अदालतको कथनले नै फैसला कार्यान्वयन नहोस् भन्ने अभिप्रायले यो निवेदन परेको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः मोहनप्रसाद वास्तोला

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल पुस २५ गते रोज ५ शुभम् ।

## अन्तरिम आदेश

१

**मा.न्या. श्री रामकुमार प्रसाद शाह,** ०७०-WO-०७०७, उत्प्रेषण, *नबलकिशोरप्रसाद गुप्ता वि. पुनरावेदन अदालत, हेटौंडासमेत*

वादीले दावी लिएको बिगो र रोक्का राख्ने सम्पत्तिको मूल्यसमेतलाई दृष्टिगत गरी बिगोले खाम्ने जतिको सम्पत्ति रोक्का राख्नुपर्नेमा सोबमोजिम नगरी सोबाहेक प्रतिवादीका अंशियारहरूको संख्याको आधारमा रोक्का राखिएको सम्पत्ति फुकुवा गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको आदेशमा उक्त अ.बं. १७१क नं. को कानुनी व्यवस्थाको त्रुटि रहेको प्रथम दृष्टिमा नै देखिन आएको र बिगो भरिभराउ हुन नसक्ने भई निवेदकलाई

अपूरणीय क्षति पुग्नसक्ने अवस्था देखिँदा प्रस्तुत रिटको अन्तिम टुङ्गो नलागेसम्म उक्त मिति २०७०।१२।१३ को आदेशलाई कार्यान्वयन नगर्नु, जिल्ला अदालतले रोक्का राखेको सम्पत्ति यथास्थितिमा राख्नु बेचबिखन नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल चैत २८ गते रोज ६ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्ः

- ०७०-WO-०७०६, उत्प्रेषण, *जीवछिदेवी वि. पुनरावेदन अदालत, हेटौंडासमेत*
- ०७०-WO-०७०८, उत्प्रेषण, *सन्तोषकुमार साह वि. पुनरावेदन अदालत, हेटौंडासमेत*

२

**मा.न्या.श्री प्रकाश वस्ती,** ०७०-WO-०६८८, उत्प्रेषण, *भवानीकुमारी पौडेल वि. पुनरावेदन अदालत, राजविराजसमेत*

अंश मुद्दामा वादीले माग गरेबमोजिम अंश पाउने हो होइन, पाउने हो भने के कुन सम्पत्ति मात्र पाउने हो भन्नेसमेतका कुरा सबूद प्रमाणका रोहमा बोल्न अदालतहरू सक्षम नै छन् । तायदाती माग्ने प्रक्रिया नै अवरूद्ध गरिदिनुको तात्पर्य अंश मुद्दामा दावी नपुग्ने फैसला हुनु हो । अ.बं. १७ को रोहमा मुद्दा नै टुङ्ग्याउने गरी आदेश गर्न मिल्दैन । अंश नैसर्गिक हक भएको, वादीले तारिख नै छाडे पनि डिसमिस नहुने प्रकृतिको यो रहेको तथा सम्पत्ति प्राप्त नगरेसम्म वा नपाउने ठहर नभएसम्म अंश मुद्दा समाप्त नहुने परिप्रेक्ष्यमा सुविधा सन्तुलन र अपूरणीय क्षतिका दृष्टिकोणबाट पुनरावेदन अदालत, राजविराजको मिति २०७०।१२।६ को आदेशको कार्यान्वयन नहुन आवश्यक भएबाट यो रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म सो आदेश कार्यान्वयन नगर्नु नगराउनु भनी अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल चैत १७ गते रोज २ शुभम् ।

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**

**- सर्वोच्च अदालत, मेलमिलाप समिति**